CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #२०
१९ ।१ ।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



लकडाउनको समयमा स्वयंसेवकले खाना वितरण गरिरहँदा मानिसहरु सामाजिक दुरी कायम गरेर पालो कुर्दै
तस्विर: रवेटर्स




# स्थानीय तहबाट वितरण गरिने राहतको समग्र व्यवस्थापन

## सामान्यतया वितरण गरिने राहतको व्यवस्थापन:

१. स्थानीय तहमा स्थापना भएका कोरोना संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषको रकम
२. प्रदेशमा स्थापना गरिने कोरोना संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषको रकम
३. माथिको दुबै रकम अपुग हुने भएमा नेपाल सरकारको केन्द्रीय कोरोना संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट मागको आधारमा



## ज्यालादारीमा आधारित राहतको व्यवस्थापन:



१. प्रधानमन्त्री रोजगार कार्यक्रम
२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
३. स्थानीय तहका विकास कार्यक्रमहरु
४ कोरोना संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रहेको रकम

# हल्ला र तथ्य



सरकारले लकडाउनको समय थपेको थप्यै छ । दैनिक ज्यालादारी गरी खानेलाई पहिले दिएको राहतले त पुग्दैन, के सरकारले राहत प्याकेज फेरी थप्छ ?

लकडाउनको अवधी बढ्दै गएकोले राहत कार्यक्रमलाई सरकारले पुनरावलोकन गर्दैछ । यसका लागि हाल स्थानीय तहमा रोजगार बिहिन सूचिकृत भएका श्रमिकलाई स्थानीय तह, प्रदेश र संघिय कार्यालयले त्यहाँ हुने काममा लगाउने छ । यसरी काम गराउँदा निजलाई दैनिक ज्याला नगद वा खाद्यान्नको रुपमा उपलब्ध गराउने छ । काममा नआउने वा नचाहने व्यक्ति राहत माग गर्न आएमा भने, काममा आउने व्यक्तिले पाएको पारिश्रमिकको २५% ले हुनआउने रकम बराबरको खाद्यान्न मात्र पाउनेछन् ।



एकातिर बैशाख २ गतेसम्म सबै हवाई सेवा बन्द गर्ने भनेको छ, अर्को तिर इपिएस (EPS) मार्फत कोरिया जाने कामदारलाई अनुमती दिने निर्णय पनि गरेको छ । अलि प्रष्ट भएन ।

इपिएस ९७एक० प्रणाली अन्तरगत दक्षिण कोरीया काम गर्ने अनुमति प्राप्त बैध प्रवेशाज्ञा भएका र हाल बिदामा नेपालमा रहेका व्यक्तिहरु स्वईच्छाले आफ्नो काममा फर्कि जान चाहेमा निजको स्वास्थ्य परिक्षण गराई निजकै खर्चमा चार्टर्ड उडानबाट जान दिने निर्णय सरकारले गरेको हो ।



निजि क्षेत्रको बजार ठप्प छ । कृषकले उत्पादन गरेको खाद्यान्नले बजार पाउने सम्भावना छैन । कृषि पेशामै निर्भर किशानले के गर्ने ?

यस विषयलाई मध्यनजर गर्दै सरकारले आधारभुत खाद्य पदार्थ जस्तै गहुँ, धान, मकै, फापर, कोदो, सिमी, दाल आदी वस्तु कृषक तथा उत्पादकहरुबाट खरिद गरी विक्रि वितरण गर्ने व्यवस्था खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड मार्फत गर्नेछ ।



कोरोना संक्रमित आमाले बच्चालाई स्तनपान गराउन मिल्छ कि मिल्दैन ? यसबाट बच्चामा सजिलै सर्छ भन्छन् ।

स्तनपान गराउदा आमाबाट बच्चामा कोरोना भाईरस सर्छ भन्ने कुरामा कुनै सत्यता छैन । सावधानी अपनाएर बच्चालाई स्तनपान गराउन सकिन्छ । संक्रमित आमाले बच्चाको सम्पर्कमा आउनुपूर्व साबुन पानीले हात मिचिमिचि धुने र मास्क लगाउन भने जरुरी छ ।

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,५२,६६७ | ८२,६३० | २८,२७६ | ४,३७,००९ | २३,११,०८८ | ८,२५० | ४,६९,१३१ | ५३,६९१ |
| संक्रमित | २१,४०२ | ३,७४० | २,९२१ | १२,५६४ | ११,९२९ | २,३४८ | ५,९५४ | १०,७६५ |
| नेपाली संक्रमित | ४ | २१ | ४९ | २ | ७१ | | ३ | |




ShramikSanjal

## खाडी मुलुकबाट महत्वपूर्ण जानकारीहरु

**१. बहराईन:** बहराईनमा रहेका नेपालीहरुको स्थिती पत्ता लगाउन त्यहाँ स्थीत नेपाली दुतावासले श्रमिकलाई आफ्नो विवरण भर्न अनुरोध गरेको छ। खान, बस्न र जागिर को अवस्था कस्तो छ ? नेपाल जान चाहेको हो वा होईन ? तत्कालै हो भने, किन ? जस्ता विवरणहरु खुलाउनु पर्नेछ । फारम भर्नको लागि दुतावासको आधिकारीक वेबसाईट https://bh.nepalembassy.gov.np/ मा गएर भर्न सकिनेछ ।

**२. कतार:** नेपाली दुतावासमा केही कम्पनीहरुले श्रमिकलाई आफ्नो बासस्थान छाड्न दवाव दिएको गुनासाहरु आईरहेकाछन् । यसका लागि कतारको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयको हटलाइन नम्बर ४०२८०६६० मा सम्पर्क गर्न सक्नुहुनेछ । यसअघि कामदार र रोजगारदाता दुबैको हितलाई लक्षित गर्दै कतारको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयले १५ अप्रिल २०२० मा कामदारहरुको खाने, बस्ने सुविधा कटौती गर्न नपाईने उल्लेख गरेको थियो । कतारमा करिव ३ लाख ५१ हजार नेपालीहरु कार्यरत रहेका छन् ।

## कतार र यू.ए.ई.बाट नेपाललाई मेडिकल सामाग्री सहयोग

**कतार:** थ्री लेयर मास्क ५ लाख थान, मेडिकल मास्क ५५ हजार थान, सर्जिकल मास्क ५५ हजार थान, फेससिल्ड १५ हजार थान, ग्लोव्स ५० हजार थान, सर्जिकल गाउन ३० हजार थान, गगल्स ३० हजार थान लगायत गरी जम्मा ७ लाख ४२ हजार थान ।

**यू.ए.ई.:** जम्मा ६,८७१ किलो स्वास्थ्य समाग्री (कुन समान कति हो भन्ने जानकारीमा नभएको)




# मे डे - अन्तरराष्ट्रिय मजदुर दिवस

## केही तथ्यहरु





- ILO अनुसार विश्वभरी कम्तिमा ५३ लाख देखी २ करोड ४७ लाख श्रमिक बेरोजगार हुनेछन् ।
- विश्व बैक (२०१९) अनुसार नेपालमा जम्मा श्रमिकको संख्या १६७११७८२ छ ।
- देश बाहिर करिब ५५ लाख नेपालीको रोजगारी जोखिममा छ। ( करिब ३५ लाख नेपाली वैदेशिक रोजगारीमा र अनुमानित २० लाख भारतमा कामगर्ने नेपाली)
- कुल गारहस्थ उत्पादनको करिब ३० प्रतिशत बिप्रेषणको योगदान छ ।
- नेपाल भित्रै पर्यटन क्षेत्रमामात्र काम गर्ने करिब १० लाख नेपालीले रोजगारी गुमाउनेछन्





## तत्काल के गर्न सकिन्छ ?

- दैनिक ज्यालादारीमा काम गर्ने मजदुरलाई कोरोना भाईरस भन्दा बढी भोकमरीको डर छ। उनिहरुको खानपान र बसोबासको व्यवस्था हुन जरुरी छ ।
- मजदुरको स्वास्थ्य सुरक्षामा ध्यान दिन जरुरी छ: विशेष गरेर फोहोर मैला र रोगको संक्रमण हुने क्षेत्रमा काम गर्ने मजदुरलाई सुरक्षा उपकरण, मास्क र अन्य सुरक्षा उपकरण उपलब्ध गराउनु पर्दछ ।
- औपचारीक क्षेत्रमा काम गर्ने श्रमिकको अहिलेको अवस्थामा सेवा सुविधा सरकारले गरेको निर्णय बमोजिम भएको सुनिश्चित गर्नुपर्दछ ।
- तत्काल नेपाल सरकारले देशभरीका मजदुर र उनिहरुको अवस्थाको तथ्यांक संकलन गर्ने, जसले राहत वितरणमा ठोस निर्णय गर्न सहज हुनेछ ।
- बर्षा याम सुरु भएसंगै कोरोना भाईरसंगै बाढीपहिरोको जोखिम पनि बढ्न सक्ने भएकोले संघ, प्रदेश र स्थानीय सरकार पूर्व तयारीमा जुट्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा रहेका कामदार नेपाल आउन चाहिरहेकाछन् । सरकारले उपयुक्त वातावरण बनाउनु पर्दछ ।
- भविस्यमा आईपर्ने बेरोजगारीलाई मध्यनजर गरेर दिर्घकालिन योजना बनाउनु पर्दछ ।



# $ फलो द मनी

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब १६ करोड**



जम्मा

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च

**करिब १ अर्ब ५० करोड**

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ८२ लाख | करिब १२ करोड ६ लाख | करिब १६ करोड ७६ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | १२ करोड ३२ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोट: यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

# कोभिड संकटको समयमा लैङगिकतामा आधारित हिंसाको व्यवस्थापन

अहिले कोभिड संकटको समयमा लैङगिकतामा आधारित हिंसाका मुद्दाहरु सतहमा आईरहेकाछन्। महिला पुनर्स्थापना केन्द्र (WOREC) का अनुसार, अघिल्लो महिनामात्र १२८ वटा बलात्कारका घटना बाहिर आएकाछन्। यसको व्यवस्थापनको लागि यहाँ केही सुझावहरु उल्लेख गरिएको छ :त



## १. मुद्दाको परिभाषा:

लैङगिकतामा आधारित हिंसा एकजना महिला श्रीमानबाट पिटिईनुमात्र हैन भन्ने बुझ्न जरुरी छ । तर, अन्तरंग साथीबाट हुने हिंसा, बैवाहिक बलात्कार, बिभिन्न खाले महिला विरुद्ध हुने हिंसाहरु, LGBTIQ र अपांगता भएका व्यक्तिहरु विरुद्धको भेदभाव, एसिड आक्रमण, महिनावारीको समयमा हुने भेदभाव, जवरजस्ती बिवाह आदी सबै खाले हिंसाका घटनाहरु कोभिड - १९ जस्ता संकटको बेला बढिरहेको देखिन्छ।

## ३. सहयोगी सेवा:

सरकार र विभिन्न संघ संस्थाहरुले नि:शुल्क कानूनी, मनोसामाजिक, आर्थिक सहयोग र प्राविधिक सेवाहरु उपलब्ध गराईरहेकाछन् । तल्लो तहसम्म सूचना पुर्‍याउन रेडियो तथा टेलिभिजन कार्यक्रम, सामाजिक सञ्जाल, एप्स, वेबिनार र पुस म्यासेज जस्ता प्रविधिको प्रयोग गर्नु पर्दछ ।

## ५. राहत सहयोग:

गर्भवती तथा सुत्केरी महिलालाई विशेष प्याकेज सहित सबै महिला तथा बालबालिकालाई न्युनतम राहत प्याकेज उपलब्ध गराउनुपर्दछ । यस्ता राहत प्याकेजमा, पौष्टिक आहारयुक्त खाना, स्वस्थवर्धक खाना, डिगिनटी किट, परिवार नियोजनका अस्थायी साधन, महिनावारीको समयमा चाहिने स्वास्थ्य सम्बन्धी सामाग्री आदी हुनु पर्दछ ।

## २. मुद्दा दर्ता र व्यवस्थापन्:

महिला हिंसा सम्बन्धी मुद्दा दर्ता र व्यवस्थापनलाई प्रोत्साहित गर्न महिला सेल, प्रहरी, अदालत र अस्पतालहरु लकडाउनको समयमा पनि निरन्तर सकृय रहनुपर्दछ । यस्तो बेलामा हिंसा पीडितलाई आवश्यक परे आश्रय दिन सेल्टर होमहरु तयार हुनुपर्दछ ।

## ४. स्थानीयलाई परिचालन:

यो लकडाउनको समयमा, स्थानीय महिला समुहहरु, आमा समुहहरु, सहकारीहरु, महिला हकहितमा काम गर्ने संघ संस्थाहरुले महिला हिंसा सम्बन्धी मुद्दा पहिचान र व्यवस्थापन गर्न उनिहरुसंग भएको स्रोत र सञ्जाल परिचालन गर्नु पर्दछ ।

**यदी तपाई, तपाईको परिवारको सदस्य वा तपाईको समुदायमा कसैले लैङगिक हिंसाको सामना गरिरहनु भएको छ भने देहाय बमोजिमका निकाय तथा संस्थामा सम्पर्क गर्नुहोस:**

| | |
|---|---|
| महिला, बालबालिका तथा जेष्ठ नागरिक निर्देशनालय | १०४४१०७८५ |
| राष्ट्रिय महिला आयोगको खबर हटलाईन नम्बर | ११४५ |
| महिला विरुद्धको हिंसा उन्मुलन महाशाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ९८४१६०७६६४ |
| आशा संकट केन्द्र | ९९०११९३०८८ |

नेपाल प्रहरीको आकस्मिक नम्बर १००

कानूनी सहायताको लागि सम्पर्क :
FWLD : ९८४१४५०८४६, ९८५१०६९९८०

मनोसामाजिक सहयोगको लागि सम्पर्क :
TPO टोल फ्रि नम्बर : १६०० ०१ ० २००५

**यदी लैङगिक र प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा दिन अस्विकार गरेमा सम्पर्क :**

भिजिबल ईम्प्यक्ट:
facebook.com/RightOverMyBodyWhoDecides

प्रजनन् स्वास्थ्य र अधिकारको क्षेत्रमा कार्यरत समुह : ९८४१४५०८४६, ९८५१०६९९८०

ज्यान जोखिममा रहेका महिलाका लागि हवाईसेवाको लागि सम्पर्क
(३४ वटा पहाडी तथा हिमाली जिल्लाहरुमा): ९८५१२५५२५४

सही सूचना

# के नेपालमा कोरोना भाईरसले थोरै मात्र असर गरेको छ ? वा संक्रमितहरू ढिलो गरी पत्ता लाग्दैछन् ?

## नेपालमा कोभिड - १९ संक्रमितको सञ्चो हुन लाग्ने समय र मुभिङ एभ्रेज




कोरोना भाईरस संक्रमणको अन्तराष्ट्रिय अनुभवलाई हेर्ने हो भने, संक्रमणबाट मुक्त हुन दुइ देखी आठ हप्तासम्म लाग्ने देखिन्छ । तर, माथिको ग्राफले संक्रमित सञ्चो हुन लाग्ने समय छोटो र मुभिङ एभ्रेजले सञ्चो हुन लाग्ने समय लगभग एक हप्ता तल झरेको देखिन्छ । यसको महत्वपूर्ण दुई वटा कारण हुनसक्छन् १) संक्रमितहरू ढिलो गरेर पहिचान भए र; २) संक्रमणको असर थोरै देखियो । जे भए पनि, सरकारले परिक्षणको गतिलाई उल्लेख्य बृद्धि गर्नु पर्थ्यो, जसले गर्दा अस्पतालहरूको क्षमता थोरैमात्र खपत हुनेछ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219